# अर्जुनचौपारी गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## अर्जुनचौपारी, स्याङ्गजा
## गण्डकी प्रदेश, नेपाल

**नदीजन्य (ढुंगा,गिट्टी,वालुवा) पदार्थको बिक्रीका लागि शिलबन्दी दरभाउपत्र आब्हान सम्वन्धि सूचना**

प्रथम पटक प्रकाशित मिति :२०७८।०५।१४

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२ क र यस अर्जुनचौपारी गाउँपालिकाको आर्थिक ऐन २०७७ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी अर्जुनचौपारी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

| सि.नं. | सूचना नं/बोलपत्र नं | बोलपत्र/दरभाउपत्रको नाम | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र/दरभाउपत्र दस्तुर(रु) |
|---|---|---|---|---|---|---|
| १ | ०१-०७८।७९ | दरौखोला अर्जुनचौपारी भिरकोट सिमाना (पक्की पूल, झोलुङ्गे पूल,औघोगिकग्राम क्षेत्र लगायतका विकासका संरचनाहरुको निर्धारित मापदण्ड अनुसार) देखि सहरे घाट सम्म | ४०३५ | रु ९,९७,४५२।- | कवोल अंकको ५% | १,०००।- |

शर्तहरु :

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र व्यक्तिले (१ लाख पचास हजार सम्मको हकमा) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, स्थायी लेखा नं दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय अर्जुनचौपारीमा रहेको यस कार्यालयको मूल सन्चित कोष खाता नं. ३२७०१००३०४०१०००२ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैंक खातामा माथी उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्वन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३. दरभाउपत्र सम्वन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५(पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय अर्जुनचौपारीमा रहेको धरौटी खाता नं. ३२७०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर शिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

४. खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, दरभाउपत्र विवरण प्रोपराईटको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्वन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको दिँउसो २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधी, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खेलिनेछ । साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. शिलबन्दी दरभाउपत्र सम्वन्धि विस्तृत जानकारी दरभाउपत्र सम्वन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन ।दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले सात दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम यस कार्यालयको मूल सन्चित कोष खाता नं. ३२७०१००३०४०१०००२ मा नगद जम्मा गरेको सक्कल भौचरसाथ अनिवार्य उपस्थित हुनुपर्नेछ । बाँकी ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७८ साल फाल्गुण मसान्त सम्म म्याद जारी गरिएको बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ र उक्त बाँकी ५०% रकम २०७८ माघ मसान्तर भित्र चुक्ता गरि सक्नुपर्नेछ । साथै दरभाउपत्र पेश गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ ।तर सम्झौताको समयमा कबोल गरेको समपुर्ण रकम एकमुष्ट बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन साथै कबोल अंकमा १०% छुट दिन सकिनेछ। तर यसरी छुट दिंदा न्युनतम कबोल अंक भन्दा कम गरिने छैन। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ । तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमनुसार दरभाउपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्वन्धि स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून,संघीय कानुन तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

८. यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ र विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरेसम्म र पेश्की बेरूजु बाँकी हुनेले फछर्यौट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन्।

९. यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै नेपाल सरकार र यस गाँउपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदातले पालना गर्नुपर्नेछ अन्यथा ठेक्का सम्झौता समेत रद्ध गरि प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

१०. यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय वा राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**